प्रदेश लोक सेवा आयोग

बागमती प्रदेश

नेपाल प्रशासन सेवा, सामान्य प्रशासन/लेखा समूह, सहायक पाँचौ/लेखापाल/आ.ले.प.सहायक पदको

खुला प्रतियोगितात्मक लिखित परीक्षा-२०७८

परीक्षा मिति: २०७८/०५/११ **पत्र:** द्वितीय

पूर्णाङ्क: १०० **विषय:** नेपालको समसामयिक अध्ययन र सार्वजनिक सेवा व्यवस्थापन

समय: २ घण्टा ३० मिनेट

निम्न प्रश्नहरूको उत्तर खण्ड अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नु पर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

खण्ड-क (अङ्क-५०)

1. नेपालको संविधान बमोजिम सङ्घ, प्रदेश र स्थानीय तहमा राजस्व स्रोतको बाँडफाँड सम्बन्धमा भएका महत्वपूर्ण व्यवस्थाहरू उल्लेख गर्नुहोस्। **[४+३+३]**
2. नेपालको शासकीय स्वरूपमा विभिन्न तहका सरकारहरू बीच समन्वय र सहकार्यका आधारहरू के के हुन्? उल्लेख गर्नुहोस्। **[१०]**
3. नयाँ समाजमा रहेका विकृतिहरूको उल्लेख गर्दै मुलुकमा पारेको नकारात्मक असरको बारेमा चर्चा गर्नुहोस्। **[४+६]**
4. मालपोत र यातायात व्यवस्था कार्यालयमा सूचना प्रविधि (IT) मार्फत दिइने सेवाले सेवाग्राहीहरूलाई कसरी प्रभावकारी सेवा पुग्न सक्छ? चर्चा गर्नुहोस्। **[१०]**
5. नेपालको आर्थिक विकासमा निजी क्षेत्रले खेल्ने भूमिकाको बारेमा छलफल गर्नुहोस्। **[१०]**

खण्ड-ख (अङ्क-५०)

6. सुशासन भनेको के हो? संक्षिप्त व्याख्या सहित सुशासनका विशेषताहरू उल्लेख गर्नुहोस्। **[३+७]**
7. सहकारी क्षेत्रको विकास, प्रवर्द्धन र नियमनमा प्रदेश सरकारको भूमिका उल्लेख गर्नुहोस्। **[१०]**
8. सरकारी कर्मचारीहरूको वृत्ति विकास र सेवा प्रवाह सुधारमा वर्तमान कर्मचारी युनियनको भूमिकाको समीक्षा गर्नुहोस्। **[१०]**
9. प्रदेश लोक सेवा आयोगको गठन विधि र कार्यहरू उल्लेख गर्नुहोस्। **[४+६]**
10. विपद् व्यवस्थापनमा स्थानीय तहको भूमिका के रहेको छ? सम्भावित विपद् हुन नदिन स्थानीय तहले के के कामहरू तयारीको रूपमा गर्नुपर्छ? उदाहरण सहित लेख्नुहोस्। **[५+५]**

• समाप्त •

LEARN • GROW • SUCCEED
MIRAS ACADEMY
CONTACT
9851335414 / 15
LOCATION
CTC Mall 9th Floor ,
Sundhara Kathmandu
Loksewa Preparation || For Free Consultation Contact : 9851335414/9851335415 (Viber/Whatsapp/Call)

प्रदेश लोक सेवा आयोग

बागमती प्रदेश

नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह, सहायक पाँचौ पदको

खुला प्रतियोगितात्मक लिखित परीक्षा-२०७८

परीक्षा मिति: २०७८/०५/१२ **पत्र:** तृतीय

पूर्णाङ्क: १०० **विषय:** सेवा सम्बन्धी

समय: २ घण्टा ३० मिनेट

निम्न प्रश्नहरूको उत्तर खण्ड अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नु पर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

खण्ड-क (अङ्क-५०)

1. कार्यसम्पादन मूल्याङ्कन भनेको के हो? मूल्याङ्कनको काममा कस-कसको संलग्नता कसरी हुने गर्दछ? कार्यसम्पादन मूल्याङ्कनको उपयोगिता के हो? उल्लेख गर्नुहोस्। **[३+३+४]**
2. लेखा परीक्षणको महत्वको बारेमा प्रकाश पार्दै बेरुजुको बारेमा विवेचना गर्नुहोस्। **[१०]**
3. सरकारी सङ्गठनमा निर्णय गर्ने विधिहरू के के हुन्छन्? यसको चर्चा गर्दै थप सुधारका लागि सुझाव प्रस्तुत गर्नुहोस्। **[१०]**
4. सार्वजनिक प्रशासनमा सेवाग्राहीहरू महत्वपूर्ण अवयव हुन्। सेवा प्रवाहलाई प्रभावकारी र सेवाग्राहीलाई सन्तुष्ट बनाउन के कस्ता व्यवस्था गर्न सकिन्छ? सुझावहरू प्रस्तुत गर्नुहोस्। **[१०]**
5. स्वार्थको द्वन्द्व (Conflict of Interest) भनेको के हो? कुनै दुईवटा उदाहरण सहित चर्चा गर्नुहोस्। **[४+३+३]**

खण्ड-ख (अङ्क-५०)

6. स्थानीय तहले सम्पन्न गर्नुपर्ने देहायका कामहरूका बारेमा संक्षेपमा उल्लेख गर्नुहोस्: **[२.५×४=१०]**

   क) व्यक्तिगत घटना दर्ता र यसको महत्व

   ख) सामाजिक सुरक्षा र स्थानीय तहको जिम्मेवारी

   ग) भवन निर्माण इजाजत र नियमन सम्बन्धी व्यवस्था

   घ) स्थानीय तहको न्यायिक जिम्मेवारी

7. बागमती प्रदेशको आवधिक योजनाको महत्वपूर्ण पक्षहरूको बारेमा चर्चा गर्नुहोस्। **[१०]**
8. बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन सम्बन्धमा भएका व्यवस्थाको उल्लेख गर्नुहोस्। **[१०]**

MIRAS ACADEMY
LEARN . GROW . SUCCEED
लोकसेवा तयारी | बैंकिङ्ग तयारी | शिक्षक सेवा तयारी | संस्थान्न तयारी
CONTACT 9851335414 / 15
EDUCATION Sita Mall 9th Floor , Sundhara Kathmandu
Loksewa Preparation || For Free Consultation Contact : 9851335414/9851335415 (Viber/Whatsapp/Call)

9. स्थानीय तहको कर्मचारी व्यवस्थापन सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र प्रदेश लोक सेवा आयोग ऐन, २०७६ (बागमती प्रदेश) मा भएका व्यवस्थाहरू उल्लेख गर्नुहोस्। **[१०]**

10. सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय र अन्तरसम्बन्ध) ऐन, २०७७ ले प्रदेश र स्थानीय तह बीचको समन्वय र अन्तरसम्बन्ध सम्बन्धमा के कस्तो व्यवस्था गरेको छ? सो उल्लेख गर्दै प्रदेशको समन्वय र अन्तरसम्बन्धको अवस्था प्रस्तुत गर्नुहोस्। **[५+५]**

• समाप्त •

MIRAS ACADEMY

लोकसेवा तयारी | बैंकिङ तयारी | शिक्षक सेवा तयारी | संस्थान्न तयारी

CONTACT
9851335414 / 15

LOCATION
CTC Mall 9th Floor ,
Sundhara Kathmandu

Loksewa Preparation || For Free Consultation Contact : 9851335414/9851335415 (Viber/Whatsapp/Call)